# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, चैत ३१ गते, २०६५ साल (अतिरिक्ताङ्क ५५

## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको

सूचना

### सशस्त्र प्रहरी (पाँचौ संशोधन) नियमावली, २०६५

सशस्त्र प्रहरी नियमावली, २०६० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सशस्त्र प्रहरी (पाँचौ संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ४ मा संशोधन: सशस्त्र प्रहरी नियमावली, २०६० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ :-

1469

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. सशस्त्र प्रहरी बलका कार्यालय र कार्यालय प्रमुखः (१) सशस्त्र प्रहरी बलका देहायका कार्यालयमा देहायका कार्यालय प्रमुख रहनेछन् :-

(क) सशस्त्र प्रहरी बल प्रधान कार्यालय - सशस्त्र प्रहरी महानिरीक्षक

(ख) सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान - सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायव महानिरीक्षक

(ग) क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय (बाहिनी) - सशस्त्र प्रहरी नायव महानिरीक्षक

(घ) सशस्त्र प्रहरी बल तालिम महाविद्यालय -सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक

(ङ) सशस्त्र प्रहरी बल युक्ति तालिम महाविद्यालय - सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक

(च) सशस्त्र प्रहरी बल विशेष कार्यदल - सशस्त्र प्रहरी उपरीक्षक

(छ) सशस्त्र प्रहरी बल मद्दति तथा सेवा निर्देशनालय- सशस्त्र प्रहरी नायव महानिरीक्षक वा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक

(ज) सशस्त्र प्रहरी बल गण - सशस्त्र प्रहरी उपरीक्षक

(झ) सशस्त्र प्रहरी बल तालिम केन्द्र -सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक वा सशस्त्र प्रहरी उपरीक्षक

(ञ) सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय - सशस्त्र प्रहरी उपरीक्षक

1470 (ट) सशस्त्र प्रहरी बल गुल्म - सशस्त्र प्रहरी नायव उपरीक्षक



*आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) नेपाल सरकारले समयसमयमा तोकेको अन्य सशस्त्र प्रहरी कार्यालयमा

-नेपाल सरकारले तोकेको सशस्त्र प्रहरी अधिकृत

(२) उपनियम (१) मा उल्लिखित कार्यालय र कार्यालय प्रमुखको पदलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर वा थपघट गर्न सक्नेछ।"

३. **मूल नियमावलीको नियम ३५ मा संशोधन** : मूल नियमावलीको नियम ३५ को खण्ड (ग) मा रहेको "र" भन्ने शब्दको सट्टा "," चिन्ह राखी खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) नसिहत पाएकोमा सो पाएको मितिले एक वर्षसम्म।"

४. **मूल नियमावलीको नियम ४९ मा संशोधन** : मूल नियमावलीको नियम ४९ को

(१) उपनियम (१) मा रहेका "देहाय बमोजिम उमेर पुगेपछि" भन्ने शब्दहरु पछि "वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (३) मा रहेका "पदको अवधि" भन्ने शब्दहरु पछि "वा सेवा अवधि" भन्ने शब्दहरु थपिएका छन्।

(३) उपनियम (४) को,-

(क) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण (सिटरोल) मा जन्ममिति वर्ष, महिना र गतेसमेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिको आधारमा,

(ख) वर्ष वा सम्वत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्ममिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मिति, शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मिति र वैयक्तिक विवरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(सिटरोल) को हकमा शुरु भर्ना भएको मिति मध्ये जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिको आधारमा।"

(ख) खण्ड (ख) पछि देहायको खण्ड (ग) र (घ) थपिएका छन्:-

"(ग) कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरुको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिको आधारमा ।

(घ) छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी भएमा खण्ड (ख) बमोजिमको आधारमा ।"

(४) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएकोछ:-

"(५) यो नियम प्रारम्भ हुँदाका बखत सशस्त्र प्रहरी सेवामा वहाल रहेका सशस्त्र प्रहरी कर्मचारीले उपनियम (१) बमोजिम सेवा अवधि पूरा भएका कारण अवकाश प्राप्त गरेमा सोही उपनियम बमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ, सो अवधि समेत निजले गरेको नोकरी अवधिमा थप गरी निजले पाउने निवृत्तिभरणको हिसाव गरिनेछ ।"

५. **मूल नियमावलीको नियम ५७ मा संशोधन** : मूल नियमावलीको नियम ५७ को,-

(१) उपनियम (१) मा रहेका "अंगभंग भएको छ वा चोटपटक लागी" भन्ने शब्दहरुको सट्टा "अंगभंग भई वा चोटपटक लागी शारीरिक वा मानसिक रुपमा" भन्ने शब्दहरु राखी सोही उपनियममा देहायको स्पष्टीकरण थपिएको छ:-

"स्पष्टीकरण :- यस उपनियमको प्रयोजनका लागि "मानसिक रुपमा अशक्त" भन्नाले नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट मानसिक रुपमा अशक्त भई सशस्त्र प्रहरी सेवामा काम काज गर्न असक्षम भनी सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।"

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सशस्त्र प्रहरी हतियारधारी समूहको कारबाही वा कुनै प्रकारको सशस्त्र मुठभेड वा आक्रमण, विस्फोटन वा हतियारधारी समूह वा त्यस्तै अन्य समूहविरुद्धको कारवाहीमा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी वा लडी वा कुनै



*आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकारको हतियारको चोटबाट सशस्त्र प्रहरी सेवाको निमित्त काम गर्न अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरीलाई एकतह पदोन्नति गरी सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी सात वर्षसम्म खाइपाई आएको पूरा तलव पाउनेछ । त्यसरी पूरा तलव पाउने अवधि व्यतित भएपछि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम सेवाअवधि भएको सशस्त्र प्रहरीले निवृत्तिभरण पाकेको अवधिसरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा बढी सेवाअवधि भएका सशस्त्र प्रहरीले सोही वमोजिम निवृत्तिभरण पाउनेछ ।"

(३) उपनियम (५) पछि देहायका उपनियम (६), (७) र (८) थपिएका छन्:-

"(६) उपनियम (४) वमोजिम सुविधा पाएको अवधिमा समान पदको बहालवाला सशस्त्र प्रहरीको तलव बृद्धि हुँदा तलवको शुरु अंकमा जति रकम बृद्धि भएको छ सोही बराबरको रकम अवकाशप्राप्त सशस्त्र प्रहरीले पाउने तलब रकममा समेत बृद्धि हुनेछ ।

(७) उपनियम (१), (२), (३) र (४) वमोजिम सुविधा पाएको अवकाशप्राप्त सशस्त्र प्रहरीको मृत्यु भएमा त्यस्तो सुविधा पाएको सात वर्ष नपुगेसम्म निजको परिवारले निजले पाएसरहनै सम्पूर्ण सुविधा पाउनेछ र सात वर्ष पुगेपछि नियम ५८ को उपनियम (१) र (२) वमोजिमको निबृत्तिभरण पाउनेछ ।

(८) बहालवाला सशस्त्र प्रहरीको तलव बृद्धि हुँदा समान स्तरको सशस्त्र प्रहरीको तलवको शुरु अंकको रकममा जति प्रतिशत बृद्धि भएको छ सोही प्रतिशतले उपनियम (३) वमोजिमको अशक्त बृत्तिको रकममा समेत बृद्धि हुनेछ ।"

६. **मूल नियमावलीको नियम ५८ मा संशोधन**: मूल नियमावलीको नियम ५८ को,-

(१) उपनियम (१) मा रहेका "तालिम लिंदा" भन्ने शब्दहरु पछि "कुनै चोटपटक लागी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी हतियारधारी समूहको कारबाही वा अन्य कुनै प्रकारको सशस्त्र मुठभेड वा आक्रमण वा विस्फोटन वा हतियारधारी समूह वा त्यस्तै अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूहविरुद्धको कारबाहीमा खटिएका बखत वा ऐनको दफा ८ वमोजिम नेपाली सेनाको नियन्त्रणमा रही खटिएको अवस्थामा भीर, पहरा, खोलानालामा लडी वा कुनैपनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनामा परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएमा मृतक सशस्त्र प्रहरीलाई मरणोपरान्त एक तहमाथिको पदमा पदोन्नति दिई सोही पद अनुसारको पूरा तलब निजको परिवारले त्यस्तो सशस्त्र प्रहरीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म पाउनेछ। उक्त पूरा तलब पाउने अवधि व्यतित भएपछि मृतक सशस्त्र प्रहरीको सेवाअवधि निबृत्तिभरण पाक्ने अवधिभन्दा कम भएमा निबृत्तिभरण पाकेको अवधिसरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा बढी सेवा अवधि भएमा सोहीवमोजिम मृतक सशस्त्र प्रहरीको परिवारले निवृत्तिभरण पाउनेछ।"

(३). उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ:-

"(२क) उपनियम (२) वमोजिम सशस्त्र प्रहरीको परिवारले तलब पाइरहेको अवस्थामा बहालवाला सशस्त्र प्रहरीको तलबमानमा बृद्धि भएमा सशस्त्र प्रहरीको परिवारले पाउने तलबमा समेत सोही वमोजिम वृद्धि हुनेछ।"

(४) उपनियम (३) पछि देहायको उपनिमय (४) थपिएको छ :-

"(४) कर्तव्य पालनाको सिलसिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लाश फेला पर्न नसकेको अवस्थामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी र सम्बन्धित सशस्त्र प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधारमा हत्या गरिएका सशस्त्र प्रहरीको परिवारलाई उपनियम (१) र (२) वमोजिमको सुविधा दिइनेछ।"

७. <u>मूल नियमावलीमा नियम ५९क. र ५९ख थप</u> : मूल नियमावलीको नियम ५९ पछि देहायका नियम ५९क. र ५९ख. थपिएका छन् :-

"५९क. <u>समान सुविधा उपलब्ध हुने</u> : (१) संम्वत् २०५७ साल माघ ९ गते उप्रान्त कुनै सशस्त्र प्रहरी नियम ५७ को उपनियम (४) वा नियम ५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को उपनियम (२) वमोजिमको अवस्था परी अशक्त भएको वा मृत्यु भएको भए त्यस्तो सशस्त्र प्रहरी वा निजको परिवारले नियम ५५, ५६, ५७, ५८ र ५९ मा उल्लिखित सुविधा सोही नियमहरुमा उल्लेख भएवमोजिम दोहोरो नहुने गरी समान रुपमा पाउनेछन् ।

(२) उपनियम (१) वमोजिम सुविधा उपलब्ध गराउँदा अघि प्राप्त गरेको सुविधा वापतको रकम कट्टा गरी बाँकी रकम मात्र दिनु पर्नेछ ।

५९ख. <u>कुनै एक पारिवारिक निवृत्तिभरण मात्र प्राप्त हुने</u> : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरीको परिवारलाई नियम ५६ वा ५७ वा ५८ वमोजिम प्राप्त हुने पारिवारिक निवृत्तिभरण मध्ये कुनै एक पारिवारिक निवृत्तिभरण मात्र प्राप्त हुनेछ ।"

८. <u>मूल नियमावलीको नियम ६० मा संशोधन</u> : मूल नियमावलीको नियम ६० को खण्ड (ग) पछि देहायको स्पष्टीकरण थपिएको छ :-

<u>स्पष्टीकरण</u>: यस नियमको प्रयोजनका लागि अशक्तताको प्रतिशत निर्धारणको आधार देहाय वमोजिम हुनेछः-

(क) असीदेखि सत प्रतिशत अशक्तता भन्नाले दुबै आँखा नभएको वा दुबै खुट्टा नभएको वा दुबै हात नभएको वा एक खुट्टा, एक हात नभएको वा सम्पूर्ण शरीर नचल्ने,

(ख) साठीदेखि उनासी प्रतिशत अशक्तता भन्नाले काम गर्न नसक्ने गरी आंशिक शरीर नचल्ने वा एक आँखा नभएको वा एक हात नभएको वा एक खुट्टा नभएको,

(ग) चालीसदेखि उनान्साठी प्रतिशत अशक्तता भन्नाले असामान्य रुपमा बोलि प्रष्ट नभएको वा शरीरको सम्पूर्ण हिस्सा तन्दुरुस्त देखिए तापनि लरखराउने, धङधङाई हिड्ने वा सशस्त्र प्रहरी सेवामा रही काम गर्न शारीरिक, बोलि, हिडाइ, चलाइले अशोभनीय देखिने,

(घ) उल्लिखित वर्गीकरण बाहेक अन्य अशक्तताको प्रतिशत निर्धारण गर्ने अधिकार मेडिकल बोर्डमा निहित रहने छ ।

९. <u>मूल नियमावलीमा नियम ६३क थप</u> : मूल नियमावलीको नियम ६३ पछि देहायको नियम ६३क थपिएको छः-

1475



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६३क. सेवा शर्त तथा सुविधामा परिवर्तनः कुनै पनि सशस्त्र प्रहरीलाई निजको नियुक्ति हुँदाका वखत कायम रहेको तलब, उपदान, निवृत्तिभरण र त्यस्तै अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन।"

१०. **मूल नियमावलीको नियम ८४ मा संशोधनः** मूल नियमावलीको नियम ८४ को खण्ड (क) को,-

(१) उपखण्ड (१) पछि देहायको उपखण्ड (१क) थपिएको छ :-

"(१क) चेतावनी दिने ।"

(२) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छ :-

"(२क) "चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने ।"

११. **मूल नियमावलीको नियम ८७ मा संशोधन** : मूल नियमावलीको नियम ८७ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ख) को शुरुमा "तालिममा खटाउँदा नगई वा बहाना बनाई वा" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) ड्यूटीमा खटिएको वा नखटिएको अवस्थामा सर्वसाधारणको घरमा अनधिकृत रुपमा प्रवेश गरेमा वा कुनै किसिमले अनुचित व्यवहार गरेमा वा लुटपाट गरेमा ।"

(२) उपनियम (२) को खण्ड (क) मा रहेको "गरेको ठहरिएमा" भन्ने शब्दहरु पछि "वा त्यस्तो अपराध गरी फरार भएमा" भन्ने शब्दहरु थपिएका छन् ।

१२. **मूल नियमावलीको नियम ९८ मा संशोधनः** मूल नियमावलीको नियम ९८ को उपनियम (२) को खण्ड (ग) मा रहेका "निजको कार्यालयमा" भन्ने शब्दहरु पछि "वा जुन अधिकारीको आदेश विरुद्ध पुनरावेदन गरिएको हो सोही अधिकारी मार्फत" भन्ने शब्दहरु थपिएका छन् ।

१३. **मूल नियमावलीको नियम १०८ मा संशोधनः** मूल नियमावलीको नियम १०८ को उपनियम (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यस्तो उम्मेदवार नपाइएमा वा त्यस्तो अवधि पुगेको सशस्त्र प्रहरीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्ययन गर्न नचाहेमा सो को कारण खुलाई सोभन्दा कम सेवाअवधि भएको सशस्त्र प्रहरीलाई प्राविधिक विषय अध्ययन गर्न अध्ययन बिदा दिन सकिनेछ ।"

१४. **मूल नियमावलीको नियम ११५ मा संशोधन** : मूल नियमावलीको नियम ११५ को उपनियम (२) मा रहेका "मनोनयन गर्दा" भन्ने शब्दहरु पछि "जेष्ठताको आधारमा" भन्ने शब्दहरु थपिएका छन् ।

१५. **मूल नियमावलीको नियम ११८ मा संशोधन** : मूल नियमावलीको नियम ११८ को,-

(१) उपनियम (४) मा रहेको "कण्डम्नेशन" भन्ने शब्दको सट्टा "उपनियम (६) वमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :–

"(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी बलमा रहेका सरकारी सामानहरु वा नियन्त्रित सामानमध्ये सशस्त्र प्रहरी कारबाहीका समयमा लुटिएमा वा काम नलाग्ने वा चलनमा नआउने भएमा देहाय वमोजिमको समितिको सिफारिसमा दुईलाख रुपैयाँसम्मको भए सशस्त्र प्रहरी महानिरीक्षक, तीन लाख रुपैयाँसम्मको भए गृह मन्त्रालयका सचिव, पाँच लाख रुपैयाँसम्म भए गृहमन्त्री र सोभन्दा माथिको भए नेपाल सरकार मन्त्रिपरिषदले मिन्हा दिने, सडाउने, गलाउने, धुल्याउने वा लिलाम गर्ने आदेश दिन सक्नेछ :-

(क) सशस्त्र प्रहरी नायव महानिरीक्षक,
सशस्त्र प्रहरी बल प्रधान कार्यालय, कार्य विभाग - अध्यक्ष

(ख) सशस्त्र प्रहरी बल प्रधान कार्यालय,
आर्थिक प्रशासन महाशाखा प्रमुख - सदस्य

(ग) गृह मन्त्रालयको राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारी - सदस्य

(घ) महालेखा नियन्त्रक कार्यालयको राजपत्रांकित
द्वितीय श्रेणीको कर्मचारी - सदस्य

(ङ) सशस्त्र प्रहरी बल प्रधान कार्यालयले तोकेको
सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(च) सशस्त्र प्रहरी बल प्रधान कार्यालय, भण्डार शाखा प्रमुख - सदस्य

1477



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) सशस्त्र प्रहरी बल प्रधान कार्यालय, मिन्हा मोजरा शाखा प्रमुख -सदस्य-सचिव

**स्पष्टीकरण**: यस उपनियमको प्रयोजनका लागि "नियन्त्रित सामान" भन्नाले सशस्त्र प्रहरी बलको हात–हतियार, खर–खजाना र सशस्त्र प्रहरी बल प्रधान कार्यालयले समयसमयमा नियन्त्रित सामान भनी तोकिदिएको सामान सम्झनु पर्छ ।"

१६. **मूल नियमावलीको नियम १२९ मा संशोधन**: मूल नियमावलीको नियम १२९ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर भगौडा वा गैर हाजिर भै सेवाबाट हटाइएको वा बर्खास्त गरिएको सशस्त्र प्रहरी पुनः सेवामा वहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन ।"

१७. **मूल नियमावलीको नियम १३० मा संशोधन**: मूल नियमावलीको नियम १३० को नियम शीर्षकमा रहेको "कार्यविधि" भन्ने शब्दको सट्टा "अधिकार र कार्यविधि" भन्ने शब्दहरु राखी सोही नियममा रहेको "कार्यविधि" भन्ने शब्दको सट्टा "अधिकार प्रयोग गर्ने वा कार्यविधि" भन्ने शब्दहरु राखिएका छन् ।

१८. **मूल नियमावलीमा नियम १३२क. थप** : मूल नियमावलीको नियम १३२ पछि देहायको नियम १३२क. थपिएको छ :-

"१३२क. **सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको गठन र सञ्चालन**:

(१) सशस्त्र प्रहरीको शारीरिक तथा मानसिक विकास, खेलकुद तथा मनोरञ्जन, कर्मचारी तथा परिवारको स्वास्थ्योपचार, उल्लेखनीय कार्य गर्ने बहालवाला तथा भूतपूर्व कर्मचारीको सम्मान, कल्याणकारी तथा रचनात्मक कार्यसम्बन्धी क्रियाकलापको सञ्चालन र व्यवस्थापन गर्न सशस्त्र प्रहरी बल प्रधान कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहने गरी एक सशस्त्र प्रहरी बल कल्याणकारी केन्द्रको गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम गठित सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको सञ्चालन सशस्त्र प्रहरी बल प्रधान कार्यालयको सिफारिसमा

1478



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकारबाट स्वीकृत कार्यविधि वमोजिम हुनेछ ।

१९. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-१ मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची- ४ को सट्टा यसैसाथ संलग्न भए वमोजिमको अनुसूची-४ राखिएको छ ।

(३) अनुसूची- ६ को क्रमसंख्या (३) को सजायको आदेशको महलको खण्ड (ख) मा रहेका "पदोन्नति रोक्का गर्ने" भन्ने शब्दहरु पछि "वा तल्लो पदमा घटुवा गर्ने वा" भन्ने शब्दहरु थपिएका छन् ।

(४) अनुसूची- ६ को सजायको आदेशको महलको ठाउँ ठाउँमा रहेका "नसिहत दिने" भन्ने शब्दहरुको सट्टा अगाडि "चेतावनी दिने, नसिहत दिने" भन्ने शब्दहरु थपिएका छन् ।

२०. **झिकिएको**: मूल नियमावलीको ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

1479



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-४

(नियम ३७ को उपनियम (३) सँग सम्बन्धित)

सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति

| सि. नं | पद | सुपरीवेक्षक | पुनरावलोकन कर्ता | पुनरावलोकन समिति |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी महानिरीक्षक | सचिव, गृह मन्त्रालय | मुख्य सचिव | मुख्य सचिव, सचिव, गृह मन्त्रालय |
| २. | सशस्त्र प्रहरी अतिरीक्त महानिरीक्षक | सशस्त्र प्रहरी महानिरीक्षक | सचिव, गृह मन्त्रालय | सचिव,गृह मन्त्रालय सशस्त्र प्रहरी महानिरीक्षक |
| ३. | सशस्त्र प्रहरी नायव महानिरीक्षक | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | सशस्त्र प्रहरी महानिरीक्षक | सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक |
| ४. | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी नायव महानिरीक्षक | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक सम्बन्धित सशस्त्र प्रहरी नायव महानिरीक्षक |
| ५. | सशस्त्र प्रहरी उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी नायव महानिरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी नायव महानिरीक्षक सम्बन्धित सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक |
| ६. | सशस्त्र प्रहरी नायव उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सम्बन्धित सशस्त्र प्रहरी उपरीक्षक |
| ७. | सशस्त्र प्रहरी निरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी नायव उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी उपरीक्षक, सम्बन्धित सशस्त्र प्रहरी नायव उपरीक्षक |
| ८. | सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी निरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी नायव उपरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी नायव उपरीक्षक सम्बन्धित सशस्त्र प्रहरी निरीक्षक |

1480



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ९. | सशस्त्र प्रहरी सहायक निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान | सम्बन्धित सशस्त्र प्रहरी नायव निरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी निरीक्षक | सम्बन्धित सशस्त्र प्रहरी निरीक्षक, सम्बन्धित सशस्त्र प्रहरी नायव निरीक्षक |

आज्ञाले,
डा. गोविन्द प्रसाद कुसुम
नेपाल सरकारको सचिव

1481



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1483

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1484

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।